# वन समूहहरूमा जीविकोपार्जन सुधारः

## *कोशी पहाडी जिल्लाहरूमा भएको अनुभव तथा सिकाइ*

✍ **जैलबकुमार राई[१], टेकबहादुर वरुवाल[२], विनय शाह[३], सुमित गौतम[४], योगेश ढकाल[५]**

## १. पृष्ठभूमि

देशका विभिन्न ठाउँमा स्थानीय समुदायहरूले परम्परागत रूपमा समुदायमा आधारित वन व्यवस्थापनका अभ्यासहरू युगौंदेखि गर्दै आएका थिए र यस्ता अभ्यासहरू वन क्षेत्रको राष्ट्रियकरणसँगै सङ्कटमा परेका हुन् (Gilmor and Fisher 1991, Chhetri 1994, Messerschmidt 1995)। वन क्षेत्रको राष्ट्रियकरणले यस्ता अभ्यासहरूको अस्तित्वमा सङ्कट मात्रै नभएर करिब दुई दशकको समयावधिभित्रै वन क्षेत्रको तिव्र विनाश पनि गऱ्यो। उक्त समस्याको समाधानका लागि स्थानीय समुदायलाई वन क्षेत्रको व्यवस्थापन गर्ने काममा सहभागी गराइनु पर्दछ भन्ने सैद्धान्तिक अवधारणाको विकास भयो। उक्त अवधारणा पञ्चायत वनका रूपमा विकास भई सन् १९८० को दशकको अन्त्यतिर आइपुग्दा वन क्षेत्रको व्यवस्थापनका लागि प्राथमिक कार्यक्रम नै बन्न पुग्यो (Graner 1997, Ives & Messerli 1989, Acharya 2002, Gautam *et al.* 2004, Mahanty *et al.* 2006)।

समुदायमा आधारित वन व्यवस्थापनको विकास तथा विस्तारका लागि विगत तीन दशकदेखि विभिन्न दातृ निकायहरूले विभिन्न कार्यक्रम तथा परियोजनाका माध्यमबाट सहयोग गर्दै आएका छन्। ती कार्यक्रम तथा परियोजनाहरू सरकारी तथा गैरसरकारी सङ्घ संस्थाहरूका माध्यमबाट नेपालको विभिन्न जिल्ला तथा वन समूहहरूमा सञ्चालन हुँदै आएका छन्। विगत तीन वर्षको समयावधिमा (सन् २०१३ देखि २०१६) पनि बहुसरोकारवाला वन कार्यक्रम देशका आधाभन्दा बढी जिल्लाहरूमा सञ्चालन भएका छन्।

नेपालमा वन क्षेत्रले ओगटेको भूभाग ठूलो (४४.७ प्रतिशत) भए तापनि (DFRS 2015) थुप्रै वन परियोजना तथा कार्यक्रमका प्रयासहरूका बाबजुद  वन क्षेत्रको आर्थिक योगदान  निकै कम (करिब १० प्रतिशत) रहेको छ  (MoFSC 2013, World Bank 1994)।  यसका अलावा वन स्रोतबाट हुने आम्दानीको तुलनात्मक लाभ गरिब तथा विपन्नहरूलाई भन्दा स्थानीय स्तरका केही टाठाबाठाहरूलाई भएको छ (Graner 1999, Malla *et al.* 2003, Chhetri 2006)। वन परियोजना अन्तर्गत गरिएका प्रयासहरूको लक्षित घरधुरीहरू समुदायका गरिब तथा विपन्न भए तापनि अपेक्षित परिणाम अझै पनि प्राप्त हुन सकेको छैन (MoFSC 2013, NSCFP 2011)। उक्त अवस्थाले के वन स्रोतमा निर्भर गरिब तथा विपन्न घरधुरीहरूको जीविकोपार्जनको अवस्था सुधार गर्नका लागि सञ्चालन भएका वन परियोजना तथा कार्यक्रमहरूले कुनै योगदान पुऱ्याउन नसकेका नै हुन् त भन्ने प्रश्न जन्माएको छ।

यस लेखमा कोशी पहाडी जिल्लाहरू (धनकुटा, तेह्रथुम, भोजपुर तथा सङ्खुवासभा) मा गत तीन वर्षमा (सन् १९१३ देखि २०१६) सञ्चालित वन परियोजनाका माध्यमबाट वन स्रोतमा आश्रित गरिब तथा विपन्न घरधुरीहरूको जीविकोपार्जनको अवस्था सुधार गर्ने कामका लागि गरिएका प्रयासहरूको प्रभावकारिताको विश्लेषण गर्ने प्रयास गरिएको छ। उक्त विश्लेषण वन परियोजना अन्तर्गतका क्रियाकलापहरू सञ्चालन गर्ने स्थानीय साझेदार सङ्घ संस्थाका कर्मचारीहरूसँगको छलफल, कार्यक्रमबाट लाभान्वित भएका केही

१ लेखक (विद्यावारिधिका शोधार्थी) त्रिभुवन विश्व विद्यालय, मानवशास्त्र केन्द्रीय विभाग, कीर्तिपुरमा अध्यापन गराउनुका साथै फरेष्टएक्सन नेपालमा अनुसन्धानकर्ताका रूपमा कार्यरत छन्।

२ लेखक हाल सङ्खुवासभा जिल्लामा बहुसरोकारवाला वन कार्यक्रमको जिल्ला संयोजकका रूपमा कार्यरत छन्।

३ लेखक हाल भोजपुर जिल्लामा बहुसरोकारवाला वन कार्यक्रमको जिल्ला संयोजकका रूपमा कार्यरत छन्।

४ लेखक हाल तेह्रथुम जिल्लामा बहुसरोकारवाला वन कार्यक्रमको जिल्ला संयोजकका रूपमा कार्यरत छन्।

५ लेखक हाल धनकुटा जिल्लामा बहुसरोकारवाला वन कार्यक्रमको जिल्ला कार्यक्रम अधिकृतका रूपमा कार्यरत छन्।

समुदायहरूको स्थलगत अवलोकन तथा उनीहरूसँगको छलफल, ती कार्यक्रमहरूसँग सम्बन्धित विभिन्न प्रगति प्रतिवेदनहरू (मासिक, त्रैमासिक तथा वार्षिक) को अध्ययन, तथा सन्दर्भ सामग्रीहरू (प्रकाशित तथा अप्रकाशित) को अध्ययनका आधारमा गर्ने प्रयास गरिएको छ ।

## २. जीविकोपार्जन सुधारः अवधारणागत ढाँचा

जीविकोपार्जन सुधार भन्नाले सामान्यतया व्यक्तिको सम्पत्ति वा आयस्रोतमा भएको वृद्धि हो । तर सम्पत्ति वा आयस्रोतको वृद्धिले मात्रै कुनै व्यक्तिको जीविकोपार्जनको अवस्थामा सुधार हुन्छ भन्ने कुरा सत्य हुन सक्दैन । यसको अर्थ कुनै व्यक्तिको जीविकोपार्जनमा सुधार हुनका लागि उसको बहुपक्षीय विकास हुन जरुरी छ । यस विषयमा डिएफआइडीको जीविकोपार्जनका लागि दिगो विकास सम्बन्धी अवधारणा उपयोगी छ । उक्त ढाँचा अनुसार कुनै व्यक्ति वा घरधुरीसँग जीविकोपार्जनका पाँच सम्पत्तिहरू हुन्छन् । उक्त अवधारणा अनुसार कुनै व्यक्ति वा घरधुरीमा उल्लिखित सम्पत्तिहरूमा सुधार भएपछि जीविकोपार्जनको अवस्थामा पनि सुधार हुन्छ ।

**चित्र १: दिगो जीविकोपार्जन सुधारको अवधारणागत ढाँचा (डिएफआइडी)**




स्रोतः Ashley & Carney 1999; Solesbury 2003

चित्र १ मा कुनै व्यक्ति वा घरधुरीको दिगो जीविकोपार्जनको सुधार कसरी हुन्छ भन्ने कुराको अवधारणागत ढाँचा प्रस्तुत गरिएको छ । उक्त ढाँचा अनुसार कुनै व्यक्ति वा घरधुरीको जीविकोपार्जनको अवस्था पाँच सम्पत्तिहरू (सामाजिक, भौतिक, आर्थिक, प्राकृतिक र मानवीय) ले निर्धारण गर्दछ । ती सम्पत्तिहरूको सुधारका लागि विभिन्न निकायहरू (सरकारी तथा सङ्घ संस्था) ले संरचनागत तथा प्रक्रियागत प्रयासहरू गर्दछन् (Ashley & Carney 1999; Solesbury 2003) ।

डिएफआइडीको उक्त अवधारणाको प्रयोगका विषयले केही सैद्धान्तिक तथा व्यवहारिक बहसहरू जन्माएको छ । एक थरिका भनाइ अनुसार कुनै व्यक्तिको जीविकोपार्जन सुधारको अवस्था जान्नका लागि पाँच सम्पत्तिमाथि व्यक्ति वा घरधुरीको पहुँच, यसको प्रयोग, वृद्धि, र प्रयोगबाट भएको क्षमताको विकासको ज्ञान हुन आवश्यक हुन्छ (Bebbington 1999) । तर अर्का थरिका व्यक्तिहरूका अनुसार यसका लागि औपचारिक तथा अनौपचारिक सङ्घ संस्थाहरूले निर्वाह गरेको भूमिका तथा प्रभावहरूको विश्लेषण सबैभन्दा महत्त्वपूर्ण हुन्छ (Scoones 1998) । यसैगरी अर्को भनाइ अनुसार विकासोन्मुख देशहरूमा जीविकोपार्जन सुधारका लागि जीविकोपार्जनका आधारहरूको विविधीकरण, प्राकृतिक स्रोतसँग सम्बन्धित व्यक्ति तथा संस्थाहरूको अन्तर सम्बन्धहरूको विविधीकरण, र ग्रामीण समाजमा नीतिगत विषयहरूको बुझाइलाई बढाउनु गर्दछ (Ellis 1999) ।

अर्कोतिर केही अध्ययनले दिगो जीविकोपार्जन सुधारका विषयमा उत्पादक वा कृषक, निजी क्षेत्र वा बजार, तथा राज्यहरूको चाहनाहरूमा एकरूपता नभएका कारण द्वन्द्वात्मक अवस्थाहरूको सिर्जना भएको कुरा पनि उल्लेख गरेको छ (Arc 2003)। त्यसैगरी दिगो जीविकोपार्जन सुधारका क्रियाकलापहरूका माध्यमबाट स्थानीय समुदायहरूमाथि बाहिरी सङ्घ संस्था तथा ती संस्थाहरूमा कार्यरत कर्मचारी र विज्ञहरूको ज्ञान तथा उनीहरूले विकास गर्ने र अभ्यासमा लागू गर्ने प्राविधिक विकासका कामहरू हावी हुँदै जाँदा समुदायमा रहेका सामुदायिक मूल्य मान्यताहरू कमजोर भएको कुरा अध्ययनहरूले देखाएको छ (Brocklesby & Fisher 2003)। यसकारण जीविकोपार्जन सुधारको ऐतिहासिक विकासक्रमलाई केलाउँदा हाल विश्वव्यापी रूपमा सिर्जना हुँदै गएका विभिन्न प्रकारका चुनौतीहरूको सामना गर्नका लागि यसको परम्परागत अवधारणा तथा ढाँचामा नै परिवर्तन गर्नु पर्ने आवश्यक छ (Scoones 2009)।

## ३. जीविकोपार्जन सुधारः कोशी पहाडी जिल्लाहरूमा भएका प्रयास

### ३.१ पृष्ठभूमि

कोशी पहाडी जिल्लाहरूमा सामुदायिक वन उपभोक्ता समूह (सावउस)हरूको सङ्ख्या, सावउसहरूले ओगटेको कूल क्षेत्रफल, तथा ती वन क्षेत्रहरूसँग सम्बन्धित वा उपभोक्ता घरधुरीहरूको सङ्ख्या निकै ठूलो छ। जसले गर्दा वन परियोजना अन्तर्गत सञ्चालन गरिएका क्रियाकलापहरूका लाभान्वित समुदायहरू स्थानीय वन समूहहरू नै भएका छन्[६]। जस्तै गत तीन वर्षमा (सन् २०१३ देखि २०१६) वन परियोजना[७] अन्तर्गत सञ्चालन भएका क्रियाकलापहरूको प्रमुख उद्देश्य भनेको समुदायद्वारा व्यवस्थित वन क्षेत्रको सुधार गर्दै वन स्रोतमा आश्रित विपन्न तथा गरिब घरधुरीहरूको जीविकोपार्जनको अवस्था सुधार गर्नु रहेको छ।

**तालिका १ः कोशी पहाडी जिल्लाहरूमा समुदायमा आधारित वनको क्षेत्रफल (हेक्टरमा)**

| | प्रकार | भोजपुर | तेह्रथुम | सङ्खुवासभा | धनकुटा | कूल | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | सामुदायिक वन | ३९०२५.६ | १७१६१.५ | ३०२६०.० | २८९२१.१ | ११५३६८.२ | ५०.० |
| २ | कबुलियती वन | ७८४.० | १२१.६ | ४.९ | ०.० | ९१०.५ | ०.४ |
| ३ | निजी वन | ३१.२ | ९.३ | ९.९ | ६३.५ | ११३.९ | ०.० |
| ४ | धार्मिक वन | ०.० | ०.० | ११.३ | ३७.७ | ४९.० | ०.० |
| ५ | राष्ट्रिय वन | ३६७००.६ | ७३३५.६ | ४६८९१.० | ५४.१ | ९०९८१.४ | ३९.४ |
| ६ | संरक्षित क्षेत्र | ०.० | ०.० | २३३००.२ | ०.० | २३३००.२ | १०.१ |
| | कूल | ७६५४१.४ | २४६२८.० | १००४७७.३ | २९०७६.५ | २३०७२३.२ | १००.० |

स्रोतः DFO-Bhojpur 2069 BS; DFO-Tehrathum 2011; DFO-Sankhuwasabha 2012/13; DFO-Dhankuta 2012/13. cited in DVN and NORMS 2013

कोशी पहाडी जिल्लाहरूमा कुल १५१७ सावउस, २८५ कवुलियती वन समूह, १०३ निजी वन, सात धार्मिक वन, र एक वटा संरक्षित क्षेत्र (सङ्खुवासभा जिल्लामा रहेको मकालु बरुण राष्ट्रिय निकुञ्ज) रहेका छन् (DVN and NPRMS 2013)। ती वन क्षेत्रहरूसँग आबद्ध भएका घरधुरीहरूको सङ्ख्या हेर्दा सावउससँग मात्रै

६ सावउस तथा कबुलियती वनलाई यस लेखमा वन समूह भनिएको छ।

७ बहुसरोकारवाला वन कार्यक्रम ब्रिटिस सरकार, स्विटजरल्यान्ड सराकार, र फिनल्यान्ड सरकारको आर्थिक सहयोगमा नेपाल सरकारद्वारा सञ्चालित कार्यक्रम हो। यो कार्यक्रम वि.सं. २०६९ फागुनदेखि २०७३ असारसम्म सञ्चालन हुनेछ। देशका आधाभन्दा बढी जिल्लाहरूमा सञ्चालित यो कार्यक्रम नेपालका कोशी पहाडी चार जिल्लाहरू (जसलाई लट एक भनिएको छ) मा भने ग्रामीण पुनःनिर्माण संस्था नेपाल (आरआरएन) र फरेष्टएक्सन नेपालले केही स्थानीय संस्थाहरूसँगको साझेदारीमा सञ्चालन गरेका छन्।

१४७८५६ घरधुरी संलग्न भएका छन् भने कबुलियती वनमा २६२६ घरधुरी संलग्न भएका छन् (जिवका धनकुटा २०७२, जिवका तेह्रथुम २०७२, जिवका भोजपुर २०७२, जिवका सङ्खुवासभा २०७२)।

## ३.२ जीविकोपार्जन सुधारको प्रक्रिया तथा लाभान्वित जनसङ्ख्या

नेपालका कोशी पहाडी जिल्लाहरूमा रहेका वन समूहहरू विभिन्न परियोजनाहरू, जस्तै खार्डेप, नुक्सेप, एलएफपी तथा हाल सञ्चालन भइरहेको बहुसरोकारवाला वन कार्यक्रमको प्राथमिकतामा पर्दै आएका छन् (LFP 2013)। यी परियोजनाहरूले वन समूहहरूमा आबद्ध उपभोक्ता घरधुरीहरूको जीविकोपार्जन सुधार गर्ने काममा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएका छन्।

जीविकोपार्जन सुधारका लागि बहुसरोकारवाला वन कार्यक्रम अन्तर्गत सञ्चालन भएका क्रियाकलापहरूलाई दुई चरणहरूमा (पहिलो र दोस्रो) विभाजन गरेर विश्लेषण गर्न सकिन्छ। पहिलो चरण अन्तर्गत पहिलो दुई वर्ष (२०६९ फागुनदेखि २०७१ चैत) मा सञ्चालन गरिएका क्रियाकलापहरू तथा दोस्रो चरण अन्तर्गत १६ महिनामा (२०७१ चैतदेखि २०७३ असार) सञ्चालन हुने क्रियाकलापहरू पर्दछन्। यी दुई चरणका क्रियालापहरूमा चार वटा प्रमुख फरक छन्[८]।

जीविकोपार्जन सुधारका लागि सञ्चालन गरिएका क्रियाकलापहरू केही निश्चित प्रक्रिया पुऱ्याई विभिन्न चरणमा गरिएका छन्[९]। निर्धारित क्रियाकलापहरू सञ्चालन गर्नका लागि सहकार्य गर्ने स्थानीय साझेदार संस्थाका कर्मचारी तथा सहजकर्ताहरूले उल्लेख गरिएका क्रियाकलापहरू सञ्चालन गर्ने प्रक्रियामा सहजीकरण गरेका छन्। सहजीकरण अन्तर्गत सम्बन्धित घरधुरीहरूको जीविकोपार्जन योजना निर्माण गर्ने तथा योजनाको कार्यान्वयन पश्चात अनुगमन गर्ने काम प्रमुख रहेका छन्।

**चित्र २: जीविकोपार्जन सुधारका लागि सञ्चालन गरिएका क्रियालापहरूको ढाँचा तथा प्रक्रिया**




८ पहिलो चरणमा प्रति घरधुरी रू. १,००० देखि ५,००० सम्म अनुदान सहयोग प्रदान गरिएको छ भने दोस्रो चरणमा प्रति घरधुरी रू. १५,००० प्रदान गरिएको छ।

९ प्रक्रिया तथा चरणहरूको विस्तृत जानकारीका लागि हेर्नुहोसः राई तथा अन्य, २०७१।

जीविकोपार्जन सुधारका लागि बहुसरोकारवाला वन कार्यक्रम अन्तर्गत विभिन्न क्रियाकलापहरू सञ्चालन गरिएका छन्। पहिलो चरणमा कूल १९ प्रकारका क्रियाकलापहरू तथा दोस्रो चरणमा छ प्रकारका क्रियालापहरू सञ्चालन गरिएका छन् (RRN/FA 2014/ 2016)। यद्यपि, दुवै चरणहरूमा सञ्चालन गरिएका क्रियाकलापहरूमध्ये चार प्रकारका क्रियाकलापहरू[10] सञ्चालन गर्नका लागि घरधुरी स्तरमा आर्थिक अनुदान प्रदान गरिएका छन्। ती क्रियाकलापहरूबाट कूल ७५३९ घरधुरी(२०७९ प्रथम चरण[11] र ५४६० दोस्रो चरण[12]) प्रत्यक्ष रूपमा लाभान्वित हुने अपेक्षा गरिएको छ (RRN/FA Reports 2103-2015)।

**तालिका २: जीविकोपार्जन सुधारका क्रियाकलापहरूबाट लाभान्वित घरधुरी (डिसेम्बर ३१, २०१५ सम्मको तथ्याङ्क अनुसार)**

| क्रियाक-लापहरू | पहिलो चरण | | | | | दोस्रो चरण (डिसेम्बर २०१५ सम्म) | | | | | कूल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | धनकुटा | तेह्रथुम | भोजपुर | सङ्खुवा सभा | **कूल** | धनकुटा | तेह्रथुम | भोजपुर | सङ्खुवा सभा | **कूल** | |
| समपूरक कोष (घरधुरी) | ३२३ | २८४ | २१८ | २२१ | १,०४६ | ५४ | ० | ३६ | ७८ | १६८ | **१,२१४** |
| लिप योजनाको कार्यान्वयन (घरधुरी) | १२५ | १२७ | १२५ | ९० | ४६७ | ७४० | ६३२ | १,०२० | ५४४ | २,९३६ | **३,४०३** |
| छिटो आम्दानी गर्ने क्रिया-कलाप (घरधुरी) | ३९९ | १,३९५ | ६६७ | १०१ | २,५६२ | | | | | | **२,५६२** |
| सावको जग्गा विनियोजन (साव) | १०९ | १०९ | १२९ | ६८ | ४१५ | २३ | १२ | १५ | ४३ | ९३ | **५०८** |
| एनटिएफपी खेती (समूह वा घरधुरी) | | | | | | १५ | १५ | २८ | २३ | ८१ | **८१** |
| **कूल (घरधुरी)** | **९५६** | **१,९१५** | **१,००४** | **४८०** | **४,४९०** | **८३२** | **६५९** | **१,०९९** | **६८८** | **३,२७८** | **७,७६८** |

स्रोतः RRN/FA Reports. 2013-2015

सञ्चालन भएका क्रियाकलापहरूबाट कूल ७७६८ घरधुरी लाभान्वित भएका छन्। यस कार्यक्रम अन्तर्गत प्रदान गरिएको अनुदान सहयोगबाट लाभान्वित घरधुरीहरूले तीन प्रकारका क्रियाकलापहरू (तरकारी खेती, पशुपालन तथा नगदेबाली) सञ्चालन गरेका छन्। तरकारी खेती अन्तर्गत आलु, सिमी, बन्दाकोपी,

१० चार प्रकारका क्रियाकलापहरूमा आर्थिक अनुदान प्रदान गरिएका छन् : (१) सावउसको जग्गा विनियोजन गरी उपयोग गर्ने कामका लागि सहयोग, (२) समपूरक कोष प्रदान, (३) छिटो आम्दानी हुने क्रियाकलापका लाीग सहयोग, र (४) लिप कार्यान्वयनका लागि सहयोग।

११ समपूरक कोषबाट १,००६ घरधुरी, लिपको कार्यान्वयनबाट ६२२ घरधुरी, छिटो आम्दानी हुने क्रियाकलापबाट ४५१ घरधुरी, र सावउसको खाली जग्गा विनियोजनबाट ५६ घरधुरी लाभान्वित हुने अपेक्षा गरिएको छ।

१२ समपूरक कोषबाट २४० घरधुरी, लिपको कार्यान्वयनबाट ५,०१६० घरधुरी, र एनटिएफपी खेतीबाट ६० घरधुरी/समुह, र सावउसको खाली जग्गा विनियोजनबाट २० घरधुरी लाभान्वित हुने अपेक्षा गरिएको छ।

केराऊ, गोलभेडा वा टमटर, खुर्सानीको खेती गरेका छन् भने पशुपालन अन्तर्गत कुखुरा, सुँगुर, बाख्रा, गाई, र भैंसी पालन गरेका छन् । यसैगरी नगदे बाली अन्तर्गत चिया, अम्रिसो, अलैंची तथा केही अदुवा खेती गरेका छन् । यी क्रियाकलापहरू सम्बन्धित सावउसको संलग्नतामा स्थानीय सहजकर्ताहरूको सहजीकरणमा लाभान्वित घरधुरीको इच्छा, तत्परता तथा क्षमताको आधारमा तयार गरिएका छन् ।

## ३.३ जीविकोपार्जन सुधार कार्यक्रमका प्रभाव तथा चुनौतीहरू

यस कार्यक्रम अन्तर्गत सञ्चालन गरिएका क्रियाकलापहरूको प्रभावलाई सकारात्मक तथा नकारात्मक गरी दुई खण्डमा विभाजन गरी व्याख्या गरिएको छ ।

### ३.३.१ सकारात्मक प्रभावहरू

**(क) सम्बन्धित सावउसहरूमा जीविकोपार्जन कोषको रकममा वृद्धि :** जीविकोपार्जन सुधारका लागि प्रदान गरिएका अनुदान रकमहरू सम्बन्धित वन समूहहरूका बैंक खातामा विपन्नमुखी जीविकोपार्जन कोष अन्तर्गत सङ्कलन गरिएको छ । उक्त रकम सम्बन्धित वन समूहहरूले जीविकोपार्जन सुधार योजना कार्यान्वयनको सम्झौता अनुसार सम्बन्धित घरधुरीहरूलाई १ देखि १० वर्ष सम्मका लागि १ देखि ५ प्रतिशत सम्मको ब्याज दरमा ऋण अनुदानका रूपमा हस्तान्तरण गर्दछन् । उक्त रकमले एकातिर जीवीकोपार्जन सुधारका लागि कुनै कोष वा रकम नभएका वन समूहहरूमा जीविकोपार्जन घुम्ती कोषको स्थापना भएको छ भने घुम्ती कोष भएका वन समूहहरूमा पनि कोषको रकम वृद्धि भएको छ । वन समूहमा कोषको रकम वृद्धि हुने दुई वटा माध्यमहरू छन् । पहिलो, परियोजनाबाट प्राप्त भएको अनुदान रकम सम्बन्धित वन समूहहरूले आफ्ना उपभोक्ताहरूलाई ऋण अनुदानका रूपमा दिन्छन् । उक्त ऋण फिर्ता भए पछि वन समूहको मूल कोषमा जम्मा हुन्छ । दोस्रो, मूल कोषमा जम्मा भएको रकमले उपभोक्ताहरूबाट नियमित रूपमा ब्याज प्राप्त गरिरहेका हुन्छन् ।

**(ख) उपभोक्ताहरूमा सामूहिक सक्रियता बढाउन योगदान :** जीविकोपार्जन सुधारसँग सम्बन्धित क्रियाकलापहरू प्रक्रियागत हिसाबले विभिन्न चरणहरूमा सम्पन्न गरिन्छ । सामान्यतयाः यसका लागि आठ वटा प्रक्रियागत चरणहरू छन्[१३] । जसमध्ये सम्बन्धित सावउसको छनौट, छनौट गरिएको सावउसमा लाभान्वित घरधुरीहरूको छनौट, ती घरधुरीहरूको पाँच सम्पत्तिको विश्लेषण, ती घरधुरीहरूको जीविकोपार्जन सुधार योजनाको निर्माण, योजनाको अनुमोदन, योजनाको कार्यान्वयन तथा अनुगमन जस्ता क्रियाकलापहरू प्रमुख हुन् । यी क्रियाकलापहरूका लागि सम्बन्धित सावउसहरूमा विभिन्न चरणहरूमा कार्यसमितिको बैठक, आमसभा, तथा सामूहिक छलफलहरू गरिन्छ । यी क्रियाकलापहरूमा समुदायका सबै उपभोक्ताहरूको सक्रिय सहभागितालाई प्राथमिकतामा राखिएको हुन्छ । अर्कोतिर यी क्रियाकलापहरूबाट अपेक्षा गरिएको लाभान्वित घरधुरी भनेको सम्बन्धित सामुदायिक वन समूहमा रहेका सबैभन्दा गरिब, विपन्न तथा सामाजिक रूपमा बहिष्करणमा पारिएका घरधुरीहरू हुन् । वन परियोजनाबाट प्राप्त हुने अनुदान सहयोग प्राप्त गर्नका लागि नै भए पनि समुदायमा रहेका गरिब, विपन्न, तथा सामाजिक रूपमा बहिष्करणमा पारिएका समुदायका व्यक्तिहरू वन समूहका आमसभा, भेला, बैठक, छलफलहरूमा उपस्थित हुने तथा आफ्ना समस्या तथा मागहरू राख्न प्रोत्साहित भएको देखिन्छ । जसले गर्दा सावउसका उपभोक्ताहरूको सक्रिय सहभागिता बढेको छ ।

**(ग) बहुपक्षीय लगानीको अभ्यास गर्न प्रोत्साहन :** जीविकोपार्जन सुधारका लागि सञ्चालित क्रियाकलापहरूले त्रिपक्षीय लगानी (परियोजना, सम्बन्धित सावउस, तथा सम्बन्धित कृषक वा निजी व्यक्ति) लाई प्रोत्साहन गरेको छ ।

१३ जीविकोपार्जन सुधारका चरणहरूका लागि राई तथा अन्य २०७१ हेर्नुहोस् ।

**चित्र ३: लिप कार्यान्वयनका लागि भएको लगानीको अवस्था (कूल ३२ सावउसका २१४ घरधुरी, सङ्खुवासभा)**




स्रोतः LIPO[१४] र सहयोग गरिएका सावउस विचको सम्झौता, 2013/014/015

चित्र ३ मा सङ्खुवासभा जिल्लामा बहुसरोकारवाला वन कार्यक्रमको पहिलो चरण अन्तर्गत सञ्चालन भएका जीविकोपार्जन सुधार योजना (लिप)का क्रियालापहरूमध्ये कूल ३२ सावउसका २१४ घरधुरीको लगानीको अवस्था देखाइएको छ। बहुसरोकारवाला वन कार्यक्रमबाट प्रति घरधुरी रू. ४,००४ देखि रू. ६,३०० सम्म ऋण अनुदान सम्बन्धित घरधुरीले लिएका छन्। यसका साथै सम्बन्धित सावउसले प्रति घरधुरी रू. ५०० देखि २,५०० सम्म ऋण अनुदान तथा सम्बन्धित घरधुरीहरूले रू. ५०० देखि १,५०० सम्म निजी लगानी गरेका छन्। परियोजनाबाट प्राप्त भएको अनुदान रकम तुलनात्मक रूपमा ठूलो भए पनि सम्बन्धित सावउस तथा घरधुरीको पनि लगानी हुनुले त्रिपक्षीय लगानीको अभ्यास हुन थालेको कुरा स्पष्ट देखिन्छ।

१४ The full form of LIPO is Local Implementing Partner Organizations. यसको नेपाली अर्थ भनेको स्थानीय साझेदार सङ्घ संस्थाहरू भन्ने हुन्छ।

**चित्र ४: समपूरक कोष अन्तर्गतका क्रियाकलापहरू सञ्चालन गर्नका लागि भएको लगानी (कूल ४३ सावउसका ३४८ घरधुरी, भोजपुर)**




स्रोत: Agreement between LIPO and Supported CF 2013/014/015

चित्र ४ मा भोजपुर जिल्लामा सञ्चालित बहुसरोकारवाला वन कार्यक्रमको पहिलो चरणमा जीविकोपार्जन सुधारका लागि सञ्चालन भएका क्रियाकलापहरूमध्ये समपूरक कोष अन्तर्गत अनुदान सहयोग रकम प्राप्त गरेका ४३ सावउसका ३४८ घरधुरीको लगानीको अवस्था देखाइएको छ । उक्त लगानीको अवस्था हेर्दा बहुसरोकारवाला वन कार्यक्रमबाट प्रदान गरिएको अनुदान रकम प्रति घरधुरी रू. १,००० देखि रू. ३,००० सम्म ऋण अनुदानका रूपमा सबवन्धित घरधुरीले सम्बन्धित सावउसबाट प्राप्त गरेको छन् । यसका साथै सम्बन्धित सावउसले प्रति घरधुरी रू. ५०० देखि ४,८०० सम्म ऋण अनुदान तथा सम्बन्धित घरधुरीहरूले रू. ४०० देखि १,५०० सम्म निजी लगानी गरेका छन् ।

यी दुई जिल्लाहरूमा भएको लगानीको अवस्थाले वन समूहका गरिब तथा विपन्न घरधुरीहरूको जीविकोपार्जन सुधारका लागि सञ्चालित क्रियाकलापहरूले त्रिपक्षीय लगानीलाई प्रोत्साहन गरेको छ ।

**(घ) आर्थिक पारदर्शिताको विकास :** यस कार्यक्रम अन्तर्गत प्रदान गरिएको अनुदान सहयोग विभिन्न चरणका प्रक्रियाहरू पश्चात मात्रै प्राप्त गरेका छन् । यी क्रियाकलापहरूले कुनै न कुनै रूपमा सम्बन्धित सावउसहरूको आर्थिक पारदर्शितामा सुधार ल्याउन योगदान पुऱ्याएको छ । उदाहरणका रूपमा सम्बन्धित सावउसले आफ्नो वन समूहमा रहेको आर्थिक आय व्ययका बारेमा सामूहिक छलफल गर्नुपर्ने, कार्यक्रमबाट प्राप्त हुने सहयोगको लगानीका बारेमा बृहत् छलफल गर्नुपर्ने, सामूहिक निर्णय अनुसार योजना निर्माण गर्नुपर्ने, र उक्त योजना अनुसारका क्रियाकलापहरू सञ्चालन भएपछि अनुगमन गर्नुपर्ने जस्ता विषयहरूमा सामूहिक छलफल गर्दछन् । यी प्रक्रियाहरूले सम्बन्धित वन समूहमा आर्थिक पारदर्शिताको विकास गर्न प्रोत्साहन गर्नका साथै बाध्यता पनि सिर्जना गरेको छ । जसले गर्दा एकातिर सम्बन्धित सामुदायिक वनका उपभोक्ताहरूले आफ्ना वन समूहको आय व्ययको विषयमा चासो राख्ने तथा

जानकारी पाउने अवसर पाएका छन् भने अर्कोतिर सम्बन्धित वन समूहका कार्यसमिति सदस्यहरूले पनि आफ्नो वन समूहको आय व्यय चुस्त दुरूस्त राख्नुपर्ने बाध्यता सिर्जना गरेको छ ।

**(ङ) वन समूहको सुशासन सुधारमा योगदान :** सामुदायिक वन समूहको सुशासन उक्त समूहमा रहेको पारदर्शिता, विधिको शासन, प्रभावकारिता, जवाफदेहिता तथा सहभागिताको अवस्थाले निर्धारण गर्दछ (राई र भण्डारी २०७१)। जीविकोपार्जन सुधारका लागि सञ्चालन गरिएका क्रियाकलापहरूले सम्बन्धित वन समूहहरूका उल्लिखित पक्षहरूको सुधार गर्न प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा भूमिमा निर्वाह गरेको छ। जस्तैः सम्बन्धित वन समूहले यस कार्यक्रम अन्तर्गत प्रदान गरिएको अनुदान सहयोग प्राप्त गर्नका लागि एकातिर आफ्नो समूहको आर्थिक आय व्ययको अवस्था पारदर्शी बनाउनु पर्छ भने अर्कोतिर सञ्चालन गरिएका क्रियाकलापहरू उपभोक्ताहरूको सहभागिताका माध्यमबाट गरेका छन् । यसको अर्थ वन समूहहरूमा लाभान्वित घरधुरी छनोट गर्ने, छनौट भएका घरधुरीहरूको जीविकोपार्जन सुधार कार्यक्रमका लागि योजना निर्माण गर्ने, योजना अनुसारका कार्यक्रमहरू सञ्चालन गर्ने, तथा उक्त कार्यक्रम सम्पन्न भए पछि अनुगमन तथा मूल्याङ्कन गर्ने जस्ता सम्पूर्ण क्रियाकलापहरू सम्बन्धित घरधुरी तथा उपभोक्ताहरूसँगको छलफल तथा उनीहरूको सहभागिताका आधारमा गरेका छन् ।

**(च) आय आर्जनका सम्भावित क्रियाकलापहरूको पहिचान :** जीविकोपार्जन सुधारका क्रियाकलापहरू चरणबद्ध रूपमा सञ्चालन गर्दा सम्बन्धित उपभोक्ता घरधुरीहरूले आफ्नो व्यक्तिगत इच्छा, आर्थिक तथा व्यवसायिक क्षमताका साथै सम्भावित बजारको आँकलन गर्न पनि सहज भएको छ । सम्बन्धित घरधुरीलाई के गर्न सक्छु र कसरी गर्न सक्छु भन्ने कुराको व्यक्तिगत तयारी गर्ने कामका लागि पनि सहज भएको छ। त्यसैगरी सम्बन्धित वन समूहको कार्यसमिति सदस्य लगायत समुदायका अन्य व्यक्तिहरूसँगको छलफल तथा संलग्नताका माध्यमबाट सम्भावित आय आर्जनका क्रियाकलापहरूलाई सम्भावित बजारसँग के कसरी जोड्न सकिन्छ भन्ने कुराका बारेमा पनि छलफलहरू भएका छन्। उल्लिखित प्रक्रियाहरूले ग्रामीण समाजमा भइरहेका जीविकामुखी खेतीपाती तथा उत्पादनका कामहरूलाई के कसरी व्यवसायिक बनाउन सकिन्छ भन्ने विविध विकल्पहरूको खोजी गर्न मद्दत गरेको छ ।

**तालिका ३ः पहिलो चरणको जीविकोपार्जन सुधारका केही प्रमुख क्रियाकलाप (कूल २४७३ घरधुरी)**

| क्रस | क्रियाकलापहरू | घरधुरीहरू (प्रतिशतमा) | | | | |
|---|---|---|---|---|---|---|
| | | धनकुटा | तेह्रथुम | भोजपुर | सङ्खुवासभा | कूल |
| १ | पशुपालन | ८८.५० | १८.३९ | ६७.३७ | ८५.९८ | ६२.६० |
| २ | तरकारी खेती | ११.५० | ४०.५८ | १८.९४ | ५.१४ | २०.७८ |
| ३ | गैरकाष्ठ वन पैदावार खेती तथा नगदे वाली | ०.०० | ३७.६७ | १३.७० | ८.८८ | १६.०१ |
| ४ | अन्य | ०.०० | ३.३६ | ०.०० | ०.०० | ०.६१ |
| | **कूल घरधुरी (प्रतिशत)** | १००.०० | १००.०० | १००.०० | १००.०० | १००.०० |

स्रोतः RRN/FA Reports 2014/2016

जीविकोपार्जन सुधार कार्यक्रमबाट हालसम्म कूल ७,६३३ घरधुरी लाभान्वित भएका छन् । जसमध्ये २,४७३ घरधुरी (२८७ धनकुटा, ४४६ तेह्रथुम, १५२६ भोजपुर, र २१४ सङ्खुवासभा) संलग्न भएका क्रियाकलापहरूलाई हेर्दा पशुपालन गर्ने घरधुरीहरूको सङ्ख्या तुलनात्मक रूपमा निकै बढी छ भने तरकारी खेती दोस्रो रोजाइमा परेको छ। महत्त्वपूर्ण कुरा के हो भने सम्बन्धित सावउसका उपभोक्ताहरूको जीविकोपार्जनको योजना

तयार गर्दा व्यक्तिगत घरधुरीले गर्ने क्रियाकलापलाई केन्द्रमा राखेर के र कसरी गर्न सकिन्छ भन्ने कुरामा बहुआयामिकता ल्याउने प्रयास गरिएको छ।

**उदाहरण १:** सङ्खुवासभा जिल्लाको सिद्धकाली गाविस स्थित सल्लेरी सावउस बहुसरोकालवाला वन कार्यक्रम सञ्चालनका लागि छानिएको एक सघन वन हो। उक्त सावउसमा स्थानीय सहजकर्ताहरूको मध्यस्ततामा वन समूहका कूल १०३ उपभोक्ता घरधुरीमध्ये सबैभन्दा विपन्न तथा गरिब १७ घरधुरीलाई वि.सं. २०७२ साल साउन ३१ गते बसेको वन समूहको आमसभाले छनौट गऱ्यो। त्यसपछि स्थानीय सहजकर्ताहरूको मध्यस्ततामा ती घरधुरीहरूको जीविकोपार्जन सुधारको योजना तयार गरियो। उक्त योजनाका आधारमा बहुसरोकारवाला वन कार्यक्रमबाट उक्त वन समूहलाई कूल रू. २,५५,००० प्रदान गरियो। उक्त योजना अनुसार वि.सं. २०७२ साल असोज ९ गतेका दिन सम्बन्धित वन समूहको बैठकमा सम्बन्धित उपभोक्ता घरधुरीहरूलाई प्रति घरधुरी रू. १५,००० का दरले योजना अनुसारका क्रियाकलापहरू सञ्चालन गर्न ऋण अनुदान प्रदान गरेको छ।

| जातीय समूह | जीविकोपार्जन सुधारका क्रियाकलापहरू | | | | |
|---|---|---|---|---|---|
| | बाखा | पाडा-पाडी | अलैंची | सिलाई | कूल |
| अधिकारी | १ | १ | ४ | | ६ |
| खत्री | १ | | १ | | २ |
| मगर | | | २ | | २ |
| सिंखडा | | | २ | | २ |
| दर्जी | १ | | | १ | २ |
| राई | | १ | | | १ |
| विक | | | १ | | १ |
| बजगाईं | | १ | | | १ |
| कूल | ३ | ३ | ११ | १ | १७ |

छनौट गरिएका घरधुरीहरूको जीविकोजार्पनको योजना सम्बन्धित घरधुरीको पाँच सम्पत्तिको अध्ययन तथा विश्लेषणका आधारमा तयार गरिएको छ। हाल उक्त योजना अनुसार सम्बन्धित घरधुरीहरूले जीविकोपार्जन सुधारको काम सञ्चालन गरिरहेका छन्।

**(छ) स्थानीय वन समूहलाई सक्रिय बनाउन मद्दतः** जीविकोपार्जन सुधार कार्यक्रमका लागि छनोट भएका वन समूहहरूले आफ्ना वन समूहमा विभिन्न चरणमा छलफल, बैठक तथा भेलाहरूको आयोजना गरेका छन्। जसले गर्दा लामो समयसम्म निष्क्रिय रहेको सावउसहरू सक्रिय बन्न मद्दत पुगेको छ। दोस्रो, जीविकोपार्जन सुधार योजना अनुसारका क्रियाकलापहरूको कायान्वयन गर्ने सिलसिलामा सावउसहरू थप सक्रिय बन्न पुगेका छन्। तेस्रो, सम्बन्धित सावउसहरूमा कार्यक्रमको अनुगमन समितिका सदस्यहरू लाभान्वित घरधुरीहरूमा नियमित रूपमा गई उनीहरूले गरेका क्रियाकलापहरूको अनुगमन तथा मूल्याङ्कन गर्नु पर्ने कुराले वन समितिका सदस्य तथा उपभोक्ताहरू बीचको सम्बन्ध समेत बलियो बन्न पुगेको छ। चौथो, ऋण अनुदान लिने घरधुरीहरूले समूहको निर्णय तथा अनुदान लिँदा भएको सम्झौता अनुसार (सामान्यतयाः चौमासिक रूपमा) साँवा ब्याज सम्बन्धित सावउसहरूमा नियमित रूपमा सङ्कलन गर्ने कामले वन समूह र उपभोक्ताहरूका बीचको नियमित भेटघाट तथा छलफलले एक आपसको सामाजिक सम्बन्धलाई बलियो बनाएको छ।

**(ज) वन क्षेत्रको उत्पादकत्व वृद्धिमा प्रोत्साहन :** जीविकोपार्जन सुधारका लागि सञ्चालन गरिएका क्रियाकलापहरूले सामुदायिक वन क्षेत्रहरूभित्र रहेका खाली तथा बाँझो रहेका जमिनहरूको प्रयोग गरी समुदायमा रहेका विपन्न घरधुरीहरूको आय आर्जन बढाउने काममा मद्दत पुऱ्याएको छ। यसका लागि वन समूहहरूले समुदायका गरिब तथा विपन्न घरधुरीहरूको छनौट गरी उनीहरूलाई वन क्षेत्रभित्र रहेको खाली तथा बाँझो क्षेत्रहरू कबुलियतनामा गरी केही वर्ष (चार देखि दश वर्ष)का लागि निर्धारण गरिएका वन स्रोतहरूको उत्पादन गर्ने काममा सहजीकरण तथा सहयोग भएको छ। यस कार्यक्रम अन्तर्गत लक्षित घरधुरीहरूले कबुलियतनामा गरी दिइएको जग्गामा सम्भावित विभिन्न खालका नगदे वा आय आर्जन हुने बाली जस्तैः– अम्रिसो खेती, अलैंची खेती, अर्घेली खेती, चिराइतो खेती, लोक्ता खेती, र

अन्य जडीबुटी खेती र तिनको नर्सरी सञ्चालन गर्दै आएका छन् ।

**उदाहरण २:** बहुसरोकारवाला वन कार्यक्रमको पहिलो चरणमा मात्रै कूल ५० वटा सामुदायिक वनको वन क्षेत्रमा रहेको बाँझो तथा खाली जग्गाको विनियोजन गरी समुदायका गरिब तथा विपन्न घरधुरीहरूको जीविकोपार्जनको अवस्था सुधार गर्ने काममा सहजीकरण गरिएको छ । त्यसैगरी दोस्रो चरणमा पनि यस्ता क्रियाकलापहरूका लागि सहजीकरण भइरहेको छ। भोजपुर जिल्लामा मात्रै दोस्रो चरणको कार्यक्रम अन्तर्गत (सन् २०१५ डिसेम्बर सम्म) कूल ५ वटा सावउसका १५ घरधुरीलाई यस्ता क्रियाकलापहरूका लागि सहयोग भइसकेको छ। उक्त ५ वटा वन समुहका प्रत्येक घरधुरीहरूले एक रोपनी भन्दा बढी जग्गामा अम्लिसो खेती गरेका छन्। ती १५ घरधुरीमध्ये ९ घरधुरी आदिवासी जनजाति (५ राई, २ मगर, २ नेवार), ४ घर दलित (२ घर दर्जी र २ घर विक), र २ घर अन्य (ढकाल) रहेका छन्। यसका लागि बहुसरोकारवाला वन कार्यक्रमले कूल रू. १,५०,००० अनुदान स्वरूप सहयोग रकम ती घरधुरिहरूलाई सम्बन्धित सावउसहरूमार्फत प्रदान गरेको छ ।

**(झ) सहकार्य तथा साझेदारिताको विकास :** जीविकोपार्जन सुधारका लागि सञ्चालन गरिएका क्रियाकलापहरूले स्थानीय समुदायहरूमा सामूहिक भावना तथा साझेदारिताको अभ्यास गर्ने काममा योगदान पुऱ्याएको छ । जीविकोपार्जन सुधारका धेरै जसो क्रियापलापहरू व्यक्तिगत स्तरमा सञ्चालन भए तापनि उक्त कार्यक्रमका लाभान्वित घरधुरीहरूका बीच सामाजिक तथा सांस्कृतिक कारणहरूले (जस्तैः– समान वर्ग, पेशा, धर्म, संस्कृति, वा छरछिमेकी भएको) गर्दा एक आपसमा सहकार्य गर्ने अभ्यासको समेत विकास भएको छ । कति ठाउँहरूमा त फरक फरक जातीय, सांस्कृतिक तथा धार्मिक समूहहरूका बीच समेत सहकार्य तथा साझेदारिताको अभ्यास पनि विकास भएको छ ।

**उदाहरण ३:** भोजपुर जिल्लाको भोजपुर नगरपालिकाको बोमिख गाउँ स्थित भवेखु चिसापाखा सावउसका २ घरधुरी तथा छहरे सिउरेनी सावउसका ४ घरधुरी गरी जम्मा ६ घरधुरीले सामूहिक रूपमा बँगुर पालन गर्न थालेका छन्। उक्त सामूहिक व्यवसाय उनीहरूको गाउँ टोलमा रहेको वडा नागरिक सचेतना केन्द्रका माध्यमबाट निर्माण भएको समूहकै माध्यमबाट गर्न थालेका हुन्। यसका लागि बहुसरोकारवाला वन कार्यक्रमबाट प्रत्येक घरधुरीहरूलाई रू. १५,००० का दरले सम्बन्धित सावउसका माध्यमबाट प्रदान गरिएको छ । सम्बन्धित सावउसले ती घरधुरीहरूलाई दुई वर्षका लागि अनुदान ऋणका रूपमा प्रदान गरेको छ ।

**(ञ) सामुदायिक वनप्रति अपनत्वको विकास :** जीविकोपार्जन सुधार सम्बन्धी क्रियाकलापहरू सञ्चालनका लागि वन समूहहरूले प्रत्यक्ष रूपमा आर्थिक अनुदान पाउँदै आएका छन्। जसले गर्दा एकातिर वन समूहहरूमा आबद्ध हुँदा आर्थिक सहयोग पाइने रहेछ भन्ने भावनाको विकास भएको छ भने अर्कोतिर विभिन्न चरणहरूमा भएका छलफल, अन्तरक्रिया तथा तालिमहरूका माध्यमबाट आफ्नो वन समूहको व्यवस्थापन राम्रो भए मात्रै यस्तो सहयोग पाइने रहेछ भन्ने बुझाइको पनि विकास भएको छ । यसका साथै वन समूह भनेको सामूहिक सम्पत्ति हो र यसको संरक्षण तथा व्यवस्थापन सामूहिक रूपमा गर्नु पर्दछ भन्ने भावना तथा अभ्यासको विकासमा पनि जीविकोपार्जन सुधारसँग सम्बन्धित क्रियाकलापहरूले मद्दत पुऱ्याएका छन्। यी कुराहरूले समुदायका सदस्यहरूमा विस्तारै आफ्नो सामुदायिक वनप्रति अपनत्वको भावना विकास भएको छ ।

**(ट) व्यवसायिकताको आधार सिर्जना गर्न मद्दत :** जीविकोपार्जन सुधारसँग सम्बन्धित कार्यक्रमहरू सञ्चालन गर्नका लागि तयार गरिएका दीर्घकालीन तथा तत्कालीन योजनाहरूले एकातिर सम्बन्धित सावउसका उपभोक्ताहरूमा आफ्नो समुदायमा कुन चिजको उत्पादन के कति मात्रामा भइरहेको छ र कतिसम्म वृद्धि गर्न सकिन्छ भन्ने कुराको सामान्य

आँकलन गर्न मद्दत पुऱ्याएको छ । अर्कोतिर धेरैजसो सावउसहरूमा बजारको माग तथा बजारीकरणको सम्भावनालाई केन्द्रमा राखी के कुराको उत्पादन गर्न सम्भव छ र उचित छ भन्ने विषयमा समेत बृहत् छलफल गर्ने अवसर मिलेको छ। परिणामस्वरूप केही वन समूहहरूलाई कुनै विशेष उत्पादनको पकेट क्षेत्रका रूपमा विकास गर्ने लक्ष्य राखी सोही अनुसारका योजना तथा क्रियाकलापहरू सञ्चालन गर्न प्रोत्साहन समेत गरिएको छ। उल्लिखित कुराहरूले गर्दा जीविकोपार्जन सुधारको कार्यक्रम व्यवसायिक खेती तथा उत्पादनको सुरुआतका लागि एक महत्त्वपूर्ण खुड्किलो बन्न सक्ने सम्भावनाको विकास भएको छ ।

**उदाहरण ४:** भोजपुर जिल्लाको भोजपुर नगरपालिका वडा नम्बर ४ मा पर्ने बोखिम गाउँमा रहेको सेरापिखुवा सावउसमा २०७२ सालमा बहुसरोकारवाला वन कार्यक्रमले लिपको कार्यान्वयन गर्नका लागि कूल रू. २,२५,००० अनुदान सहयोग गरेको छ। उक्त अनुदान रकमलाई उक्त वन समूहहरूले १५ घरधुरीलाई उनीहरूको जीविकोपार्जन सुधार योजना अनुसार ऋण अनुदानका रूपमा प्रदान गरेको छ । ती घरधुरीहरू सबैले उक्त ऋण अनुदानबाट बाखापालन गर्ने काममा लगानी गरेका छन्। त्यसैगरी यही जिल्लाको तिम्मा गाविस स्थित नयाँखर्क सावउसमा पनि १५ घरधुरीसबैले अलैंची खेतीमा लगानी गरेका छन् । उक्त कुराको निर्णय एकातिर सम्बन्धित घरधुरीहरूको जीविकोपार्जन योजना निर्माण गर्दा ती घरधुरीहरूको अवस्था तथा तत्परतालाई मुख्य आधार बनाइएको छ भने अर्कोतिर बहुसरोकारवाला वन कार्यक्रमका सम्बन्धित ठाउँमा कार्यरत सामाजिक परिचालक तथा अन्य कर्मचारीहरूको सहजीकरणको भूमिका पनि त्यत्तिकै महत्त्वपूर्ण रहेको छ ।

### ३.३.२ नकारात्मक प्रभावहरू

माथि चर्चा गरिएका सकारात्मक प्रभावहरूका बावजुद जीविकोपार्जन सुधारका लागि सञ्चालन गरिएका क्रियाकलापहरूले वन समूहहरूमा केही नकारात्मक प्रभावहरू पनि पारेको देखिन्छ। केही प्रमुख नकारात्मक प्रभावहरूको चर्चा तल गरिएको छ।

**(क) परियोजनामुखी भावना तथा अभ्यासको विकास** : परियोजनासँग सम्बन्धित विभिन्न क्रियाकलापहरूको सञ्चालनका कारण कोशी पहाडी जिल्लामा रहेका वन समूहहरू, उक्त क्षेत्रसँग सम्बन्धित स्थानीय समुदायहरू तथा वन स्रोतमा निर्भर घरधुरीहरू वन परियोजना कस्तो हुन्छ र कसरी सञ्चालन गरिन्छ भन्ने कुराका बारेमा परिचित छन्। यस्ता परियोजनाका क्रियाकलापहरूले स्थानीय समुदायका सामान्य व्यक्तिदेखि लिएर वन समूहका उपभोक्ता घरधुरी, वन समूह, सामाजिक अभियन्ता, सामाजिक परिचालक, समुदायका नेतृत्वकर्ता, सामुदायिक वनका अभियानकर्ता जस्ता सबैलाई वन स्रोतको व्यवस्थापनका लागि परियोजनाहरूले सहयोग गर्दछन् भन्ने बुझाइको विकास गरेको छ । वन समूहका नेतृत्व तथा उपभोक्ताहरूमा वन स्रोतको व्यवस्थापनसँग सम्बन्धित कुनै पनि नयाँ काम वा गरिरहेको कामको निरन्तरताका लागि वन परियोजनाहरूले नै सहयोग गर्दै आएका छन् र यस्तो सहयोग निरन्तर हुनु पर्दछ भन्ने बुझाइ विकास भएको छ ।

**(ख) अति विपन्न घरधुरीहरू थप बहिष्कृत हुने सम्भावना :** सैद्धान्तिक हिसाबले वन समूहहरूमा केन्द्रित जीविकोपार्जन सुधार कार्यक्रमका लाभान्वित घरधुरीहरू सम्बन्धित सावउसका सबैभन्दा गरिब तथा विपन्न घरधुरी हुन्। तर कतिपय वन समूहहरूमा यस्ता घरधुरीहरूको छनौट गर्दा उक्त घरधुरीले विगतमा ऋण लिएको भए उक्त ऋण अहिलेसम्म तिरे नतिरेको, नियमित रूपमा तिरे नतिरेको, उक्त ऋण लिए पछि उल्लेखनीय उपलब्धि गरे नगरेको जस्ता विषयहरूलाई पनि छनौटको मापदण्ड बनाएको देखिन्छ। यी मापदण्डहरूका आधारमा हेर्दा समुदायका धेरैजसो गरिब तथा विपन्न घरधुरीहरूले एकातिर वन समूहबाट लिएको ऋण तथा ऋणको ब्याज तिर्न नसकेको उदाहरणहरू भेटिएका छन् भने अर्कोतिर यस्ता घरधुरीहरूमा उक्त अनुदान ऋण नै त हो र मैले तिर्न नै सक्दिन भन्ने बुझाइका कारण ऋण लिन तत्पर नभएको देखिएको छ। यसका साथै बहुसरोकारवाला वन कार्यक्रम अन्तर्गत सहयोग प्राप्त गर्ने घरधुरीहरूले यस कार्यक्रमबाट अनुदान

ऋण लिई सकेपछि यथासक्दो चाँडो स्पष्ट देखिने र देखाउन सकिने काम गर्न सक्नु पर्दछ भन्ने कुरा लिखित रूपमा उल्लेख नगरिए पनि सामान्य बुझाइका रूपमा विकास भएको छ। उल्लिखित बुझाइ वन समूहका नेतृत्वमा पनि उस्तै देखिन्छ। जसले गर्दा समुदायका अति गरिब तथा विपन्न घरधुरीहरूले समूहबाट उक्त ऋण अनुदान लिई सोचेअनुसारको उपलब्धि हाँसिल गरिहाल्ने सम्भावना कम रहेको देखिएको छ।

**(ग) समुदायका टाठाबाठा तथा हुनेखाने वर्गको निर्णायक भूमिका :** बहुसरोकारवाला वन कार्यक्रम अन्तर्गत हस्तान्तरण गरिएका अनुदान सहयोगहरू सम्बन्धित सावउसहरूले समूहको घुम्ती कोषको रूपमा राख्ने गरेका छन्। परियोजनाले प्रदान गरेको उक्त रकम सामान्यतयाः सम्बन्धित घरधुरीले गर्ने व्यवसायिक योजनाका आधारमा एक वर्ष देखि दश वर्षसम्मका लागि न्यून ब्याज दरमा ऋण अनुदानका रूपमा दिने गरका छन्। सरसर्ती हेर्दा जीविकोपार्जनका रूपमा लगानी भएको देखिए तापनि उक्त अनुदान वापत प्राप्त रकम सम्बन्धित घरधुरीहरूले साँवा ब्याज (दुई प्रतिशत देखि पाँच प्रतिशत सम्म) तिर्नु पर्दछ। जसले गर्दा यस्ता अनुदानले सम्बन्धित सामुदायिक वन समूहको कोषको रकम निरन्तर रूपमा बढ्छ। उक्त कोषले समुदायका टाठाबाठा तथा हुनेखानेहरूलाई वन समूहको निर्णायक भूमिकामा रहिरहन खोज्ने प्रवृत्ति बढेको देखिन्छ। स्थानीय वन समूहको नेतृत्व भनेको निःशुल्क तथा स्वैच्छिक हुने हुँदा समुदायका गरिब तथा विपन्नहरू दैनिक जीविकाका लागि नै व्यस्त भएका कारण वन समूहमा उनीहरूले न त नेतृत्व दिन सक्दछन् न लिन नै चाहन्छन्। परिणामस्वरूप यस्ता क्रियालापहरूले समुदायका टाठाबाठा तथा हुनेखाने वर्गको निर्णायक भूमिका तथा प्रभाव बढ्दै गएको देखिन्छ।

**(घ) प्राविधिक तथा प्रशासनिक झन्झट :** यस कार्यक्रम अन्तर्गत प्रदान गरिएका अनुदान सहयोगले सम्बन्धित वन समूहहरूको आन्तरिक कोषको मात्रा स्वतः बढेर गएको छ। यसरी वृद्धि भएको रकमका कारण सम्बन्धित सावउसहरूले आफ्नो वार्षिक आर्थिक प्रतिवेदन तयार गर्न मान्यता प्राप्त अडिटर (लेखा परीक्षक) बाट अनिवार्य रूपमा लेखा परीक्षण गराउनु पर्ने अवस्था सिर्जना भएको छ। यसका लागि विभिन्न प्रकारका कागजपत्रहरूको तयारी तथा सङ्कलन गर्नु पर्ने, विधिपूर्वक विभिन्न क्रियाकलापहरू गर्नुपर्ने जस्ता प्राविधिक तथा प्रशासनिक झञ्जटहरू समेत थपिएका छन्। सम्बन्धित सावउसको आय व्यय वृद्धि भएपछि उक्त सावउसको वार्षिक नवीकरण गर्दा जिल्ला वन कार्यालयले समेत आय व्ययका बारेमा अनावश्यक चासो राख्ने तथा अनावश्यक प्रमाण तथा प्रक्रियाहरूको खोजी गरी नवीकरणको प्रक्रियालाई अझ जटिल बनाउने गरेको अनुभव केही वन समूहहरू बताउँछन्। यसले गर्दा उल्लिखित प्रक्रिया तथा मापदण्ड पुऱ्याउनका लागि नै भए पनि सम्बन्धित सावउसहरूले विभिन्न चरणहरूमा बैठक तथा आमसभाहरूको आयोजना गर्नुपर्ने र ती कार्यक्रमहरूमा गहन छलफल गर्नेभन्दा प्रक्रिया पुऱ्याउनका लागि चाहिने लिखत तथा प्रमाणहरू जुटाउन तिर सावउसका नेतृत्व लाग्नु पर्ने बाध्यताहरू सिर्जना भएको छ।

**(ङ) वन समूहका नियमित प्रक्रियाहरू विस्तारै बोझिलो भएको :** मान्यता प्राप्त लेखा परीक्षकबाट वार्षिक आय व्ययको लेखा परीक्षण प्रतिवेदन तयार गर्नै पर्ने कानुनी बाध्यताका कारण सम्बन्धित सावउसमा स्वतः आर्थिक भार वा खर्च बढेको छ। उक्त कुरा सावउसका नेतृत्वका लागि थप बोझ बनेको छ। यति मात्रै हैन यस्ता परियोजनाका विभिन्न क्रियाकलापहरू (जस्तैः– योजना निर्माण गर्ने, उक्त योजना अनुसारका क्रियाकलापहरू सम्पन्न गर्ने, सम्पन्न भएका क्रियाकलापहरूको अनुगमन तथा मूल्याङ्कन) गर्नका लागि विभिन्न निकायका प्रतिनिधि तथा कर्मचारीहरू उक्त सावउसमा बारम्बार जाने भएकाले गर्दा पनि सम्बन्धित सावउसका लागि यस्ता कार्यक्रमहरू बोझिलो बन्दै गएका छन्।

## ३.४ क्रियाकलापहरू सञ्चालनमा देखिएका चुनौतीहरू

जीविकोपार्जन सुधारसँग सम्बन्धित क्रियाकलापहरूको सञ्चालन गर्ने सिलसिलामा केही चुनौतीहरू रहेको देखिन्छ। ती चुनौतीहरूलाई सामान्यतयाः सैद्धान्तिक तथा व्यवहारिक गरी दुई भागमा विभाजन गरेर

हेर्न सकिन्छ । यद्यपि यस लेखमा चर्चा गरिएका चुनौतीहरूलाई विभाजन नगरी समग्र रूपमा प्रस्तुत गरिएका छन् ।

**(क) अनुदान रकमको पूर्व निर्धारण हुनु :** जीविकोपार्जन सुधारका लागि सम्बन्धित घरधुरीलाई प्रदान गरिएको अनुदान रकमको मात्रा परियोजनाको प्रस्तावमा नै निर्धारण गरिए अनुसार थियो । यसरी पूर्व निर्धारण भएको अनुदान रकमको मात्राले वन समूहहरूमा जीविकोपार्जन सुधार योजनाको निर्माण तथा उक्त योजना अनुसारका क्रियाकलापहरू सञ्चालन गर्न केही व्यवहारिक कठिनाइहरू निम्त्याएको देखिन्छ । एकातिर केही क्रियाकलापहरू योजना अनुसार सम्पन्न गर्दा विनियोजन गरिएको रकम निकै कम भएको छ भने केही कार्यक्रमहरूका लागि वास्तविक खर्चका हिसाबले योजना भन्दा बढी पनि भएको छ । उक्त कुरा सम्बन्धित घरधुरीले के गर्ने, उक्त घरधुरीको बजारको पहुँच कति टाढा वा नजिक छ ? के का लागि उक्त रकम खर्च गर्ने हो ? भन्ने जस्ता कुराहरूले निर्धारण गर्दछ । खासगरी गाईं तथा भैंसी पालन गर्नका लागि उक्त रकम कम भएको देखिएको छ भने नगदे बालीमा संलग्न घरधुरीका लागि उक्त रकम प्रशस्त वा केही घरधुरीहरूका लागि बढी भएको देखिएको छ । त्यसैगरी कति सावउसहरू आफैंमा पनि सम्पन्न (राम्रो आय स्रोत  र कोषमा प्रशस्त रकम भएका) भएका र केही भने निकै कमजोर भएको कारणले गर्दा पनि पूर्व निर्धारण गरिएको रकम अव्यवहारिक भएको देखिन्छ ।

**(ख) महत्त्वाकाङ्क्षी योजनाहरू निर्माण हुनु :** जीविकोपार्जन सुधारका योजनाहरू निर्माण गर्नका लागि समुदाय स्तरमा बृहत् छलफल, प्रत्येक घरधुरीहरूमा घरधुरी स्तरको तथ्याङ्क सङ्कलन, तथा सम्बन्धित घरधुरीहरूसँग व्यक्तिगत छलफलहरू गरिएका छन् । विभिन्न चरणमा गरिएका छलफल तथा तथ्याङ्क सङ्कलनका माध्यमबाट समुदायका घरधुरी स्तरमा गर्न सकिने वा गर्नुपर्ने सम्पूर्ण सम्भावित क्रियाकलापहरू पत्ता लगाई तिनीहरूलाई तत्कालीन तथा दीर्घकालीन योजनाको रूपमा दस्ताबेजीकरण भएका छन् । एकातिर धेरै ठूलो योजना बनाएमा धेरै सहयोग पाइन्छ भन्ने मान्यता समुदायका व्यक्ति तथा नेतृत्वमा विकास भएको देखिन्छ भने अर्कोतिर यी सबै योजनाहरू सम्पन्न गर्नका लागि अब परियोजनाहरूले सहयोग गरिराख्ने छन् भन्ने जस्ता गलत बुझाइको समेत विकास भएको छ । जसले गर्दा वन समूह, समूहका उपभोक्ताहरू तथा समूहका नेतृत्वहरूले अति नै महत्त्वाकाङ्क्षी क्रियाकलापहरू समेटेर योजनाको निर्माण गरेका छन् । एकातिर यस्ता महत्त्वाकाङ्क्षी योजनाहरूबाट समुदायमा निर्माण भएका आकाङ्क्षा आफैंमा ठूलो चुनौती हुन्  भने अर्कातिर ती योजनाहरू कसका लागि कसले कार्यान्वयन गर्ने भन्ने अर्को  मुख्य चुनौती देखिन्छ ।

**(ग) क्रियाकलापहरूलाई एकीकृत कार्यक्रमका रूपमा विकास हुन नसक्नु :** जीविकोपार्जन सुधार योजनाहरूमा उल्लेख गरिएका  तथा सम्पन्न भएका क्रियाकलापहरू हेर्दा उक्त कामको सफलताका लागि विभिन्न निकाय तथा सेवाप्रदायी संस्थाहरू (जस्तैः– कृषि, पशुपालन, घरेलु उद्योग, वित्तीय संस्थाहरू आदि) का बीचमा समन्वयात्मक तथा साझेदारिताको नितान्त आवश्यक पर्दछ । तर जीविकोपार्जन सुधार योजनाको निर्माण एकीकृत रूपमा हुन सकेको छैन । एकीकृत भन्नाले योजनामा उल्लेख भएका क्रियाकलापहरू स्थानीय तथा जिल्ला स्तरका सेवाप्रदायी संस्था तथा अन्य सङ्घ संस्थाका क्रियाकलापहरूसँग एकीकृत रूपमा निर्माण गरी आपसी सहकार्यमा सञ्चालन गर्नु हो । एकीकृत रूपमा योजनाको निर्माण तथा सञ्चालन हुन नसक्नुको प्रमुख कारण भनेको एकातिर वन परियोजनाका ती क्रियाकलापहरू निर्धारित समयभित्रै सम्पन्न गर्नुपर्ने बाध्यता हुनु हो भने अर्कोतिर सम्भावित साझेदार निकायहरूसँग सहकार्य गर्ने कामका लागि अपनाउनु पर्ने प्रक्रिया झन्झटिलो हुने र स्रोतका हिसाबले पनि खर्चिलो हुनु हो । जसले गर्दा यस्ता सहयोग गर्ने निकायहरूको खोजी गर्ने काम न त प्राथमिताको विषय नै बनेको छ न एक अनिवार्य प्रक्रियाको रूपमा नै लिन सकिएको छ । परिणामस्वरूप बहुसरोकारवाला वन कार्यक्रम अन्तर्गत सञ्चालन भएका जीविकोपार्जन सुधारका क्रियाकलापहरू परियोजनाको काम वा क्रियाकलापका रूपमा मात्रै सम्पन्न हुने गरेको छ ।

**(घ) क्रियाकलापप्रति वास्तविक अपनत्वको भावना विकास हुन नसक्नु :** जीविकोपार्जन सुधार कार्यक्रमको योजना निर्माण गर्ने तथा क्रियाकलापहरूको कार्यान्वयन गर्ने प्रक्रियाहरूमा परियोजना कार्यान्वयन गर्ने सङ्घ संस्थाका कर्मचारीहरू बढी सक्रिय भएको देखिन्छ। उनीहरू सक्रिय हुनुको पहिलो कारण भनेको निर्धारण गरिएका क्रियाकलापहरू निर्धारित समयावधिभित्र सम्पन्न गर्नुपर्ने बाध्यता हो। दोस्रो, यस्ता सङ्घ संस्थाहरूले गरेका क्रियाकलापहरूको प्रभावहरूलाई संस्थागत योगदानका रूपमा लिने चलन बढेको छ। तेस्रो, यी संस्थाहरूले यस्ता कार्यक्रमको प्रभाव दातृ निकाय तथा अन्य निकायहरू समक्ष प्रस्तुत गर्नुपर्ने भएकाले यसो गरेको देखिन्छ। चौथो, यस्ता सङ्घ संस्थाहरूमा काम गर्ने सामाजिक परिचालक तथा कर्मचारीहरू प्रायः तलबी कर्मचारी भएका कारण पनि उनीहरूले समुदाय स्तरमा काम गरेर आफूलाई रोजगारी दिने सङ्घ संस्थाप्रति उत्तरदायी बन्नुपर्ने हुन्छ। स्थानीय सङ्घ संस्थाहरूले सक्रिय भूमिका निर्वाह गर्नु स्थानीय समुदायका लागि सकारात्मक कुरा हुनुपर्ने हो तर उनीहरूको सक्रियताका कारण सम्बन्धित सावउस, समुदायका नेतृत्व, तथा उपभोक्ताहरूमा एकातिर परनिर्भरताको अभ्यास बढेको छ भने अर्कोतिर सङ्घ संस्थाहरूमा स्थानीय विकासको प्रभावलाई संस्थागत सम्पत्ति मानी यसैका आधारमा संस्थागत उन्नति गर्ने चलन विस्तारै हाबी हुँदै गएको देखिन्छ। जसले गर्दा ती योजना तथा क्रियाकलापहरूप्रति वन समूह, नेतृत्व तथा उपभोक्ताहरूमा वास्तविक अपनत्वको भावना विकास नै हुन सकेको छैन। फलस्वरूप धेरैजसो कार्यक्रमहरू प्रतिवेदनमुखी बन्दै गएको देखिन्छ।

**(ङ) सावउसहरूमा भएको सामाजिक स्तरीकरणको वैधानिकता तथा यसको प्रयोग :** प्रत्येक सामुदायिक वन समूहहरूले विधान कार्ययोजना तयार गर्दा सम्पूर्ण उपभोक्ताहरूलाई "क, ख, ग, घ, ङ" जस्ता वर्गहरूमा स्तरीकरण गर्नु अनिवार्य छ। यद्यपि कतिपय वन समूहहरूमा पहिले गरिएका सामाजिक स्तरीकरणहरू हचुवाको भरमा गरिएको देखिन्छ। यसको प्रमुख कारण भनेको समुदायमा उक्त स्तरीकरणको प्रयोग तथा उपादेयताका बारेमा पूर्व ज्ञान नहुनु हो। परिणामस्वरूप कैयौं वन समूहहरूमा वास्तविक विपन्न घरधुरीहरू सम्पन्नमा परेका छन् भने कति सम्पन्न घरधुरीहरू विपन्नमा परेका छन्। जसले गर्दा यस परियोजनाका लाभान्वित घरधुरीहरू विधान कार्य योजनामा भएअनुसार छान्ने कि समूहगत छलफलका आधारमा वास्तविक विपन्न घरधुरीलाई छान्ने भन्ने विवादहरू देखिएको छ। यस्तो अवस्थाले एकातिर यस कार्यक्रमको लाभान्वित घरधुरीहरू छान्दा कति वन समूहहरूमा आन्तरिक विवाद बढेको छ भने अर्कोतिर सम्बन्धित वन समूहहरूमा उल्लेख भएको कुरा नै कानूनी रूपमा वैधानिक तथा ठीक हो भनी यसैका आधारमा कामहरू अगाडि बढाउँदा वास्तविक विपन्न तथा गरिब घरधुरीहरू कार्यक्रमको लाभबाट बञ्चित हुन पुगेका छन्।

## ३.५ सिकाइहरू

जीविकोपार्जन सुधारका लागि गरिएका क्रियाकलापहरूका सकारात्मक तथा नकारात्मक प्रभाव तथा चुनौतीहरूका आधारमा केही सिकाइहरू भएका छन्। यी सिकाइहरूलाई सैद्धान्तिक तथा व्यवहारिक रूपमा विश्लेषण गर्न सकिन्छ। ती सिकाइहरूलाई समग्र रूपमा प्रस्तुत गर्ने प्रयास गरिएको छ।

पहिलो, समुदाय स्तरमा सञ्चालन गरिने जीविकोपार्जन सम्बन्धी क्रियाकलापका योजनाहरूको निर्माण तथा ती योजना अनुसारका क्रियाकलापहरूको सञ्चालनमा व्यवहारिकता भन्दा प्राविधिक पक्ष हाबी भएको देखिन्छ। जसले गर्दा बहुसरोकारवाला वन कार्यक्रम जस्ता गरिब तथा विपन्नमुखी परियोजना तथा क्रियाकलापहरूलाई स्थानीय स्तरमा भएको भौगोलिक, सामाजिक, राजनीतिक तथा सांस्कृतिक विविधताहरूसँग तालमेल हुन सकेको छैन। यसको अर्थ यस्ता परियोजना तथा क्रियाकलापहरू के कसरी व्यवहारिक बनाउन सकिन्छ भन्ने कुरा सुरुआतदेखि नै सबैका लागि (विशेष गरी परियोजना निर्माणकर्ता, कार्यान्वयन वा सञ्चालन कर्ता, सहयोगी निकाय आदि) गहन छलफलको विषय बन्न सक्नु पर्दछ।

दोस्रो, जीविकोपार्जन सुधारसँग सम्बन्धित क्रियाकलापहरू उक्त कार्यक्रम सञ्चालन गर्ने सङ्घ

संस्था तथा साझेदार संस्थाहरूको कार्यक्रम हो कि उक्त कार्यक्रमका लाभान्वित स्थानीय समुदायको हो भन्ने कुरामा अलमल देखिएको छ। सैद्धान्तिक रूपमा स्थानीय समुदाय तथा लाभान्वित घरधुरीहरूले आफ्नो हो भन्ने भावना सहित कार्यक्रम सञ्चालन गर्नुपर्ने हो तर व्यवहारिक रूपमा स्थानीय वन समूह, उपभोक्ता तथा नेतृत्वहरूमा अपनत्वको भावना विकास हुन सकेको छैन। जसले गर्दा समग्र कार्यक्रमको ढाँचा तथा प्रक्रियामा नै प्रश्न उठेको छ। यसका लागि स्थानीय समुदायहरूले यस्ता कार्यक्रमहरूलाई के कसरी सञ्चालन गर्दा आफ्नो कार्यक्रमको रूपमा स्वीकार गर्दछन् र सोही अनुसारको व्यवहारिक योगदान पुऱ्याउँदछन् भन्ने कुरा सबैका लागि थप बहस तथा अध्ययन अनुसन्धानको विषय बनेको छ।

तेस्रो, जीविकोपार्जन सुधारका क्रियाकलापहरूबाट अपेक्षा गरिएका उद्देश्यहरू प्राप्त गर्नका लागि सञ्चालन गरिएका विभिन्न क्रियाकलापहरूले स्थानीय समुदायहरूमा अपेक्षा नगरिएका कैयौं प्रभाव तथा परिणामहरू देखिएका छन्। यस्ता प्रभाव तथा परिणामहरूको पूर्व आँकलन गरी सकारात्मक प्रभावहरूको वृद्धि तथा नकारात्मक प्रभावहरूको न्यूनीकरण गर्ने उपायहरूको पहिचान गर्नु नितान्त आवश्यक छ। खासगरी यस्ता क्रियाकलापहरू सञ्चालन वा कार्यान्वयन गर्ने सङ्घ संस्था तथा परियोजनाहरूले विगतका अनुभवबाट सिकेर कार्यान्वयनको ढाँचामा परिमार्जन गरी क्रियाकलापहरूको कार्यान्वयन गर्नु आवश्यक हुन्छ।

चौथो, जीविकोपार्जन सुधारको योजना तथा क्रियाकलापहरूको सञ्चालनको सङ्ख्यात्मक उपलब्धिहरूलाई यस लेखमा समावेश गरी छलफल गर्ने काम हुन नसके पनि ती क्रियाकलापहरूले समुदायमा ल्याएको गुणात्मक प्रभावहरूबाट केही सिकाइ भएको छ। एकातिर यस कार्यक्रमले सामुदायिक वनको संस्थागत विकास तथा सुशासनको सुधारहरूमा पुऱ्याएको योगदान महत्त्वपूर्ण भएको देखिन्छ भने अर्कोतिर सामुदायिक वन समूहहरू परियोजनामुखी बन्दै गएको कुरा औंल्याएको छ। यसका अलावा यस्ता कार्यक्रमहरूले के साँच्चै गरिब तथा विपन्नहरूको आय आर्जनमा सुधार ल्याएको छ त भन्ने कुरा अझै पनि छलफल, बहस तथा अध्ययनकै विषय बनेको छ। यसकारण वन परियोजनाहरूलाई समग्र सामाजिक विकास तथा परिवर्तनको आधार कसरी बनाउन सकिन्छ भन्ने विषयमा निरन्तर रूपमा सैद्धान्तिक तथा व्यवहारिक बहस हुन जरुरी छ।

## ४. निष्कर्ष

समुदायमा आधारित वन व्यवस्थापनले नेपालमा वन क्षेत्रको संरक्षणमा सफलता पाएको छ। यसले वन समूहमा आबद्ध उपभोक्ताहरूको सामाजिक सम्पत्तिको विकासमा योगदान पुऱ्याएको छ। यद्यपि वन स्रोतमा निर्भर गरिब तथा विपन्न घरधुरीहरूको जीविकोपार्जनको अवस्थामा सुधार गर्ने काम तथा राष्ट्रिय अर्थतन्त्रमा पुऱ्याउनु पर्ने योगदान भने सन्तोषजनक छैन (MoFSC 2013)। जसले गर्दा विगत तीन दशकको समयावधिमा भएको वन क्षेत्रको सफल व्यवस्थापनलाई वन स्रोतमा आश्रित घरधुरीहरूको जनजीविकासँग कसरी जोड्ने भन्ने कुराले दिन प्रतिदिन महत्त्व पाउँदै गएको छ। परिणामस्वरूप यो विषय नीतिगत बहसका साथै अध्ययन अनुसन्धानको महत्त्वपूर्ण विषय बन्दै आएको छ। वन क्षेत्रको संरक्षण तथा व्यवस्थापनमा लगानी गर्दै आएका दातृ निकायहरूका लागि पनि यो विषय प्रमुख चासो तथा प्राथमिकताको विषय बन्दै आएको छ। सन् २०१३ देखि २०१६ का बीचमा सञ्चालन भएका बहुसरोकारवाला वन कार्यक्रमले पनि गरिब, विपन्न तथा जलवायु परिवर्तनबाट बढी जोखिममा परेका घरधुरीहरूको आयआर्जन वृद्धि गरी उनीहरूको जोखिम कम गर्ने प्रयास गर्दै आएको छ। यस परियोजना अन्तर्गत गरिएका प्रयासहरूले सकारात्मक तथा नकारात्मक दुवै प्रकारका प्रभावहरू सिर्जना गरेको देखिन्छ।

यस लेखको दोस्रो खण्डमा चर्चा गरिएको दिगो जीविकोपार्जनका आधारहरूमा कुनै न कुनै रूपमा परिवर्तन भएको देखिन्छ। यद्यपि, सञ्चालित क्रियाकलापहरूका कारण वन समूहहरूमा थुप्रै खालका नकारात्मक प्रभावहरूका पनि सिर्जना भएका छन्। जसले गर्दा समुदायमा आधारित वन व्यवस्थापनको

निरन्तरता र समग्र वन स्रोत वा वन क्षेत्रको व्यवस्थापन तथा संरक्षणको अभ्यासमा नै भविष्यमा गम्भीर प्रश्नहरू जन्मदै जाने सम्भावना छ।

परियोजनामुखी क्रियाकलापहरू व्यावहारिक भन्दा बढी प्राविधिक हुने र माथि भनेझैँ वन समूह तथा लाभान्वित घरधुरीहरूमा नकारात्मक प्रभावहरू पर्ने बारेमा सबै सरोकारवालाहरू सचेत हुन जरुरी छ। यस्ता कार्यक्रमहरूलाई प्रभावकारी बनाउनका लागि विगतका ढाँचा तथा प्रक्रियाहरूका बारेमा गहन छलफल तथा बहस हुनपर्दछ। यसका लागि नेपालमा समुदायमा आधारित वन व्यवस्थापनको विकासका क्षेत्रमा काम गर्ने सम्पूर्ण साझेदार सङ्घ संस्था, दातृ निकाय तथा सरकारी तथा गैर सरकारी सङ्घ संस्थाहरूले गर्दै आएका परम्परागत अभ्यासहरूमा के कस्ता परिवर्तनहरू, के कसरी ल्याउन सकिन्छ भन्ने कुराको खोजी गर्न समेत उत्तिकै आवश्यक छ।

## सन्दर्भ सामग्रीहरू


**Acharya, K. P.** 2002. Twenty-four Years of Community Forestry in Nepal. International Forestry Review, 4, 149-156.

**Arc, A.** 2003. Value Contestation in Development Interventions: Community Development and Sustainable Livelihood Approaches. Community Development Journal, Vol. 38(3), pp. 199-212.

**Ashley, C.; & Carney, D.** 1999. Sustainable livelihoods: Lessons from early experience. Department for International Development (DFID), Victoria Street, London.

**Bebbington, A.** 1999. Capitals and Capabilities: A Framework for Analyzing Peasant Viability, Rural Livelihoods and Poverty. World Development Vol. 27 (12), pp. 2021-2044.

**Brocklesby, M.A., & Fisher, E.** 2003. Community Development in Sustainable Livelihood Approach: an Introduction. Community Development Journal, Vol. 38(3), pp. 185-198.

**Carter, J., Pokharel, B. and Rai-Parajuli, R.** 2011. Two Decades of community forestry in Nepal: Waht have we learned? Nepal Swiss Community Forestry Project, Kathmandu.

**Chhetri, R. B.** 1994. Indigenous and community forestry management systems: reviewing the strengths and weakenesses. In M. Allan, Anthropology of Nepal: peoples, problems and processes (reprint in 2005) (pp. 19-35). Kathmandu: Mandala Publications.

**Chhetri, R. B.** 2006. From Protection to Poverty Reduction: A Review of Forestry Policies and Practices in Nepal. Journal of Forst and Livelihood, 5(1), 66-76.

**DFRS.** 2015. State of Nepal's Forests. Forest Resource Assessment (FRS) Nepal, Department of Forest Resoruces and Survey (DFRS), Kathmandu, Nepal.

**DVN and NORMS.** 2013. District Baseline Development Report (Dhankuta, Terathum, Sankhuwasabha, and Bhojpur). Prepared for Multi Stakeholder Forestry Program (MSFP), Kathmandu.

**Ellis, F.** 1999. Rural Livelihood Diversity in Developing Countries. Evidence and Policy Implications. Overseas Development Institute (ODI), Portland House Stag Place, London.

**RRN/ForestAction Nepal.** 2014/2016. MSFP Lot one Period Reports. Rural Reconstruction Nepal (RRN), amd ForestAction Nepal (FAN), Kathmandu.

**Gautam, A. P., Shivakoti, G. P., & Webb, E. L.** 2004. A review of forest policies, institutions, and changes in the resource condition in Nepal. International Forestry Review, 6(2), 136-148.

**Gilmor, D. A., & Fisher, R. J.** 1991. Villagers, Forests and Foresters: The Pholosophy, Process and Practice of Community Forestry in Nepal. Kathmandu: Sahayogi Pres.

**Graner, E.** 1997. The Political Ecology of Community Forestry in Nepal. Saarbrucken Verlag fur Entwicklungspolitik.

**Graner, E.** 1999. Forest policies and access to forests in Nepal: winners and losers. In R. B. Chhetri, & O. P. Gurung, Anthropology and sociology of Nepal: cultures, societies, ecology and development (pp. 212-

224). Kathmandu: Sociological and Anthropological Assiciation of Nepal (SASON).

**Hill, I.** 1999. Forest Management in Nepal.World Bank Technical Paper 445, Washington DC.

**Ives, J. D., & Messerli, B.** 1989. The Himalayan Dilemma: Reconciling Development and Conservation. London and New York: Routledge.

**LFP.** 2013. A Decade of the Livelihoods and Forestry Program. Livelihood and Forestry Program (LFP), Kathmandu.

**Mahanty, S., Gronow, J., Nurse, M., & Malla, Y. B.** 2006. Reducing Poverty through Community Based Forest Management in Asia. Journal of Forest and Livelihood, 5(1), 78-89.

**Malla, Y. B., Neupane, H. R., & Branney, P. J.** 2003. Why aren't poor people benefiting more from community forestry? Journal of Forest and Livelihood, 3(1), 78-90.

**Messerschmidt, A. D.** 1995. Local Traditions and Community Forestry Management: A View from Nepal. In D. M. Warren, L. J. Slikkerveer, & D. Brokensha, The Cultural Dimension of Development: Indigenosu Knowledge Systems (pp. 231-244). London: Intermediate Technology Publications.

**MoFSC.** 2013. Persistence and Change: Review of 30 years of community forestry in Nepal. Ministry of Forest and Soil Conservation, Government of Nepal, Kathmandu.

**MoFSC.** 2014. 'Review of Implementation of the Master Plan for the Forestry Sector: Achievements and Lessons' The Ministry of Forests and Soil Conservation, Singh Durbar, Kathmandu.

**Neupane, H.R.** 2000. Factors that Influence the Poorer Households Benefit from Community Forests: An Analysis of Forest Management and Benefit Sharing Processes (Unpublished M Phil thesis). The University of Reading, UK.

**NSCFP.** 2011. Two Decades of Community Forestry in Nepal. What Have we Learned? NSCFP, Kathmandu

**Pokharel, B. K., & Nurse, M.** 2004. Forests and people's livelihood: Benefiting the poor from community forestry. Journal of Forest and Livelihood, 4(1), 19-29.

**Scherr, S. J.; White, A.; and Kaimowitz, D.** 2004. A New Agenda for Forest Conservation and Poverty Reduction. Making Markets Work for Low Income Producers. Washington DC: Forest Trends.

**Scoones, I.**, 1998. Sustainable Rural Livelihoods: A Framework for Analysis. Institute of Development Studies (IDS), Working Paper 72.

**Scoones, I.** 2009. Livelihoods perspectives and rural development. Journal of Peasant Studies, Vol. 36 (1), pp. 1-26.

**Solesbury, W.** 2003. Sustainable Livelihoods: A Case Study of the Evolution of DFID Policy (Working Paper 217), Overseas Development Institute, Westminster Bridge Road, London.

**World Bank.** 1994. Forestry Sector Potential and Constraints: An Unpublished Report Prepared by J. Gayfer and P. Tamrakar. Kathmandu: World Bank.

**जिवका, धनकुटा** । २०७२ । कार्यक्रमको प्रगति तथा सामुदायिक वनहरूको अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन । जिल्ला वन कार्यलय (जिवका), धनकुटा, नेपाल ।

**जिवका, भोजपुर** । २०७२ । कार्यक्रमको प्रगति तथा सामुदायिक वनहरूको अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन । जिल्ला वन कार्यालय (जिवका), भोजपुर, नेपाल ।

**जिवका, तेह्रथुम** । २०७२ । कार्यक्रमको प्रगति तथा सामुदायिक वनहरूको अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन । जिल्ला वन कार्यालय (जिवका), तेह्रथुम, नेपाल ।

**जिवका, सङ्खुवासभा** । २०७२ । कार्यक्रमको प्रगति तथा सामुदायिक वनहरूको अनुगमन तथा मूल्याङ्

कन प्रतिवेदन । जिल्ला वन कार्यालय (जिवका), सङ्खुवासभा, नेपाल ।

**राई, जैलबकुमार, झा, प्रकाश र श्रेष्ठ, अनिता** । २०७१ । सामुदायिक वनमा आश्रित विपन्न घरधुरीहरूको जीविकोपार्जन सुधारका लागि सहयोगी पुस्तिका । फरेष्टएक्सन नेपाल र आरआरएन, काठमाडौं ।

**राई, जैलबकुमार, भण्डारी, कमल** । २०७१ । सामुदायिक वनमा सुशासन सुदृढीकरणका लागि सहयोगी पुस्तिका । फरेष्टएक्सन नेपाल र आरआरएन, काठमाण्डौ ।